बैठक नं. : ०८/२०८१/०८२
स्थान : नगरकार्यपालिका हल
मिति : २०८१/१२/३१ गते
समय : बिहान ७:०० बजे

उल्लेखित स्थान, मिति र समयमा राजापुर नगरपालिकाका नगर प्रमुख श्री दिपेश थारुज्यूको अध्यक्षतामा बसेको राजापुर नगरकार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छन् ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | दिपेश थारु | प्रमुख | अध्यक्ष | |
| २ | मनकला कुमारी चौधरी | उपप्रमुख | सदस्य | |
| ३ | बाबु राम चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ४ | राम चन्द्र चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ५ | प्रसादु थारु | वडा अध्यक्ष | सदस्य | |
| ६ | बिदुर पोखरेल | वडा अध्यक्ष | सदस्य | |
| ७ | रमेश चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ८ | असराज न्यौपाने | वडा अध्यक्ष | सदस्य | |
| ९ | रामु थारु | वडा अध्यक्ष | सदस्य | |
| १० | राजेश थारु | वडा अध्यक्ष | सदस्य | |
| ११ | विष्णु प्रसाद थारु | वडा अध्यक्ष | सदस्य | |
| १२ | शिव लाल थारु | वडा अध्यक्ष | सदस्य | |
| १३ | शिलादेवी थारु | वडा सदस्य | सदस्य | |
| १४ | कृष्णा देवी ढुङ्गाना | वडा सदस्य | सदस्य | |
| १५ | लक्ष्मी चँदारो | वडा सदस्य | सदस्य | |
| १६ | सविता परीयार | वडा सदस्य | सदस्य | |
| १७ | शुशिला कुमारी थारु | वडा सदस्य | सदस्य | |
| १८ | त्रिलोचन सिंह | मनोनित सदस्य | सदस्य | |
| १९ | दामोदर परियार | मनोनित सदस्य | सदस्य | |
| २० | रजनी बदेनी नेपाली | मनोनित सदस्य | सदस्य | |
| २१ | दशरथ बुढा | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१२/३१ समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : १

| |
|---|
| **प्रस्तावको विषय :** शिक्षकको तलब/भत्ता रकम भुक्तानी सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** कार्यपालिकाको प्रस्ताव नं. १ मा छलफल गर्दा राजापुर नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत लाइसेन्स प्राप्त नगरेका तर विद्यालयमा पठनपाठन गर्दै आइरहेका नगर शिक्षकलाई अख्तियार दुरुपयोग अनुसान्धन आयोगको परिपत्र अनुसार हटाइएका विद्यालयको पठनपाठनमा समस्या श्रृजना भएको साथै विद्यालयको अन्तिम परीक्षा समेत नजिकै आएकोले विद्यालयको पठनपाठन समेत अवरुद्ध भएको, विद्यालयबाट बारम्बार पठनपाठनका लागि अनुरोध समेत भइ आएकोले निज शिक्षकहरुबाट नै पठानपाठन गर्दै आएको हुदाँ निजहरुलाई दैनिक ज्यालादीको आधारमा विद्यालय व्यवस्थापन समितको निर्णय, विद्यालयको डोर हाजिरी प्रमाणित कागजात र विद्यालयको सिफारिस पत्र प्राप्त भए पश्चात भुक्तानी दिने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१२/३१ गते |

दशरथ बुढा
प्रमुख प्रशासकीय अधिकृत

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१२/३१ समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : २

| |
|---|
| **प्रस्तावको विषय :** लागत साझेदारी गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** कार्यपालिकाको प्रस्ताव नं. २ मा छलफल गर्दा ज्ञानोदय प्राथमिक विद्यालय बसन्ताको भवन निर्माणमा Build On नेपालको करिव ४० लाख बरावरको भवन निर्माण भैरहेको हुदाँ नगरपालिका बाट सम्झौता बमोजिमको रु. ५ (पाँच) लाख बराबरको रकम समपुरक कोषबाट लागत साझेदारी गर्ने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१२/३१ गते<br>दशरथ बुढा |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

**बैठक मिति** : २०८१/१२/३१ समय : बिहान ७:०० बजे

**बैठकको अध्यक्षता** : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

**प्रस्ताव नं.** : ३

| |
|---|
| **प्रस्तावको विषय** : निजी बन दर्ता गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** कार्यपालिकाको प्रस्ताव नं. ३ मा छलफल गर्दा बर्दिया जिल्ला राजापुर नगरपालिका वडा नं. ८, पुरैनाका रुपेश कुमार क्षेत्रीले मिति २०८१।०६।२३ गते यस कार्यालयमा निजी बन दर्ता गरिपाउँ भनि पेश गरेको निवेदन तथा डिभिजन बन कार्यलय, बर्दियाको च. नं. ४१, मिति २०८१।०७।०१ गतेको पत्रानुसार समेत राय सहित निजी जग्गामा निजी बन दर्ता गरिपाउँ भनी सिफारिस समेत भई आएकोले सो दर्ताको लागी डिभिजन वन कार्यालय बर्दियाले गरेको सिफारिस अनुसार फिल्डमा के - कसो छ ? सो सम्बन्धमा नगरपालिकाले स्थलगत अनुगमनका आधारमा प्रतिवेदन अगामी नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१२/३१ गते<br>दशरथ बुढा<br>प्रमुख प्रशासकिय अधिकृत |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१२/३१ समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ४

| |
|---|
| **प्रस्तावको विषय** : मोनिटर हस्तान्तरण गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय** : कार्यपालिकाको प्रस्ताव नं. ४ मा छलफल गर्दा नापी कार्यालयको च. नं. ३०३, मिति २०८१।१२।०६ गतेको पत्रानुसार आधुनिक प्रविधिमैत्री सेवा प्रवाह सञ्चालनको लागि जिन्सी समानहरु माग भई आए बमोजिम नापी कार्यालय राजापुर बर्दियालाई थप प्रविधिमैत्री बनाउनका लागि मोनिटर थान-४ (चार) वटा खरिद गरि हस्तान्तरण गर्ने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१२/३१ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१२/३१ समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ५

**प्रस्तावको विषय :** दैनिक ज्यालादारी रकम भुक्तानी सम्बन्धमा।

**निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

**भएको निर्णय :** कार्यपालिकाको प्रस्ताव नं. ५ मा छलफल गर्दा राजापुर नगरपालिका वडा नं. १ अन्तर्गत पर्ने बुढीकुलो सोहरीयामा जम्मा भएको बालुवा उठाउनेका लागि वडा कार्यालयबाट दैनिक ज्यादारीमा खटाइएका श्री सन्जिप चौधरी लाई वडा कार्यालयको सिफारिस अनुसार पारिश्रमिक रकम भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,

नाम, थर : दशरथ बुढा
कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत
मिति : २०८१/१२/३१ गते

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१२/३१ समय : बिहाद ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ६

| |
|---|
| **प्रस्तावको विषय** : स्थायीय शिक्षा निति, २०८१ स्विकृत गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** कार्यपालिकाको प्रस्ताव नं. ६ मा छलफल गर्दा राजापुर नगरपालिकाको स्थानीय शिक्षा निति, २०८१ तथा शिक्षा योजना, २०८१ को निर्माण सम्बन्धमा प्राविधिक सहयोग कर्णाली प्रदेश योजना आयोगका पुर्व सदस्य श्री जीतबहादुर शाहबाट भएको छ। उक्त शिक्षा नीति, २०८१ मा व्यापक छलफल, संशोधन समेत भईसकेकोले कार्यापलिकाको बैठकबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१२/३१ गते |

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१२/३१ समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ६

| |
|---|
| **प्रस्तावको विषय :** स्थायीय शिक्षा निति, २०८१ र शिक्षा योजना, २०८१ स्विकृत गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** कार्यपालिकाको प्रस्ताव नं. ६ मा छलफल गर्दा राजापुर नगरपालिकाको स्थानीय शिक्षा निति, २०८१ तथा शिक्षा योजना, २०८१ को निर्माण सम्बन्धमा प्राविधिक सहयोग कर्णाली प्रदेश योजना आयोगका पुर्व सदस्य श्री जीतबहादुर शाहबाट भएको छ। उक्त शिक्षा नीति, २०८१ र शिक्षा योजना, २०८१ मा व्यापक छलफल, संशोधन समेत भईसकेकोले कार्यापलिकाको बैठकबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१२/३१ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१२/३१ समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ८

| |
|---|
| **प्रस्तावको विषय :** दैनिक ज्यालादारीमा कर्मचारी कामकाजमा खटाउने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** राजापुर नगरपालिका वडा नं. २ वडा कार्यालयको प.सं. २०८१/८२, च.नं. ७४२ मिति २०८१/११/२८ गतेको पत्रानुसार एक जना स्विपर आवश्यक रहेकोले वडा नं. २ वर्गदही निवासी श्री सुशिला चौधरी लाई अर्को व्यवस्था नभए सम्मको लागि दैनिक ज्यालादारीमा नियुक्ति गर्ने निर्णय गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१२/३१ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१२/३१ समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : ९

| |
|---|
| **प्रस्तावको विषय :** ब्याडमिन्टन फ्लोर(म्याट) र आवश्यक फर्निसिङ्ग सामाग्री खरिद गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** राजापुर नगरपालिका वडा नं. ५ मा नवनिर्मित नगर कभर्ड हलमा आवश्यक ब्याडमिन्टन फ्लोर (म्याट), कार्पेट, पर्दा लगायत आवश्यक फर्निसिङ्ग सामाग्री खरिद गर्ने निर्णय सर्वसम्मत पारित गरियो। |
| (स्थानीय संरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१२/३१ गते |

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१२/३१ समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : १०

| |
|---|
| **प्रस्तावको विषय** : अख्तियारी दिने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय** : प्रस्तावन नं.१० माथि छलफल गर्दा राम प्रसाद खनालको छोरा वर्दिया जिल्ला राजापुर गा.वि.स. वडा नं. ५ को परिवर्तित राजापुर नगरपालिका वडा नं. ३ वस्ने वर्ष ३७ को बद्री प्रसाद खनाल समेतले सर्वोच्च अदालतमा राजापुर नगरपालिका समेतका उपर दायर गरेको सर्वोच्च अदालतमा बिचाराधिन मुद्दा नं. ०७९-WO-१३४० को उत्प्रेषण परमादेश मुद्दामा मिति २०८२।०२।०४ गते पेश तारेख रहेकोमा सो दिनको तारेख लिन असमर्थ छु भनि यस भन्दा अगाडिकी अख्तियारप्राप्त संरचना शर्मा ले जानकारी गराएकोले उक्त मिति २०८२।०२।०४ गते र सो उप्रान्तका तारेखहरु समेत लिन निज संरचना शर्माको सट्टामा पूर्णाखर सुवेदीको नाती कृष्ण प्रसाद सुवेदीको छोरा जिल्ला बर्दिया पदनाहा गा.वि.स. वडा नं. ३ को परिवर्तीतत ऐ. जिल्ला बारबर्दिया न.पा. वडा नं. ५ भै हाल जिल्ला काठमाडौं टोखा न.पा.वडा नं. ८ बस्ने वर्ष ३० का अंगत सुवेदी (ना.प्र.नं. ६५१००७।७१०, जारी मिति २०६७।०७।०८, बर्दिया) लाई राजापुर नगरपालिकाको कार्यालय , राजापुर बर्दिया– १, राजापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, राजापुर बर्दिया– १ र नगर प्रमुख दिपेश थारु राजापुर नगरपालिका, राजापुर बर्दिया– १ समेत ३ का तर्फबाट मिति २०८२।०२।०४ र सो उप्रान्तका तारेखहरु समेत लिई उचित प्रतिरक्षा गर्न पाउने गरी अख्तियारी दिने निर्णय सर्वसम्मत पारित गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१२/३१ गते |

CS CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८१/०८२ को आठौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१२/३१ समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. :

| |
|---|
| **प्रस्तावको विषय :** कार्ययोजना कार्यान्वयन कार्यविधि, २०८१ पारित गर्ने सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :** राजापुर नगरपालिकाको महिला शान्ति र सुरक्षा सम्वन्धि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन दोस्रो कार्ययोजना कार्यान्वयन कार्यविधि, २०८१ माथि विस्तृत छलफल गरि सर्वसम्मत पारित गरियो। |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/१२/३१ गते |